गाउँपालिका उपाध्यक्ष कुश्मा चन्द ज्यूद्वारा

शिवनाथ गाउँपालिकाको तर्फबाट गाउँसभा

समक्ष प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७७/०७८

शिवनाथ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश

नेपाल

१० असार २०७७

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

१. शिवनाथ गाउँपालिकाको यस गरिमामय सातौं सभामा आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभुति भईरहेको छ ।

२. विगतमा भएका ऐतिहासिक जनआन्दोलन एवं राजनैतिक आन्दोलन बाट संधीय लोकतान्तिक गणतन्त्र स्थापनाका निमित्त आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मान सहीत भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड-१९ र लकडाउका कारण यस शिवनाथ गाउँपालिकाले थुप्रै चुनौतीको सामना गरेको महसुस गरेकी छु । विपदको यो घडीमा आफ्नो ज्यानको बाजी थापी खटिनुभएका सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, स्वास्थ्यक्रमि ज्यू, सुरक्षाक्रमि ज्यू र सम्पूर्ण कर्मचारी ज्यू हरुको साहसिकता र कामको मुल्याङ्कन गरी उच्च सम्मान गर्दछु ।

४. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण विश्वले एकैपटक मानवीय र आर्थिक संकट सामना गर्नु परेको छ । यस सन्दर्भमा हाम्रो गाउँपालिकामा पनि रोजगारीको सिलसिलामा भारतमा गएका हजारौ दाजुभाई दिदी बहिनीहरु विगत चैत देखि नै निरन्तर आउनेक्रम चलिरहेकै छ यो अवस्थामा गाउँपालिकाले गाउँपालिका भित्र रहेका विद्यालयहरु लाई क्वारेन्टाईन स्थलको रुपमा संचालन गरी गाउँपालिकाको क्षमता अनुसार क्वारेनटाईनमा बसेका र बसिरहेका दाजुभाई दिदी बहिनीहरु लाई खानपान तथा बस्नको उचित प्रबन्ध गरी बेला बेलामा स्वास्थ्यक्रमिबाट स्वास्थ्य चेक जाचँ तथा सुरक्षाकर्मीहरु बाट सुरक्षका प्रत्याभुति दिलाई क्वारेन्टाईन स्थललाई शान्त र सु-व्यवस्थित गर्ने कार्यमा निरन्तर अगाडी बढीरहेको व्यहोरा अवगत गराउन चाहान्छौ ।

५. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगको चेकजाचँ तथा रोकथामका लागि गाउँपालिकाको विशेष पहलमा **RDT** परिक्षण **PCR** परिक्षणका लागि स्वाव संकलन गर्ने कार्य स्वास्थ्यकर्मिहरु बाट समयमै गराई उक्त कार्यमा सहयोग गर्नुहुने स्वास्थ्य कार्यालय बैतडी, जिल्ला प्रशासन कार्यालय बैतडी, प्रदेश सरकार र केन्द्र सरकार लाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छौ ।

६. कोभिड-१९ महामारीका कारण मानव जाति माथि शताब्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा भएको छ विश्वस्तरमै यस महामारी बिरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुबिधाहरु अपर्याप्त देखिएका छन । यस महामारीबाट लाखौ मानिसहरुको ज्यान गईसकेको छ । अरु लाखौ सङक्रमित छन यस महामारी बाट सङक्रमित भई नेपाल बाहिर जीवन गुमाउनुहुने नेपाली अन्य मित्रराष्ट्रका नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो सम्बेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदी बहिनी तथा दाजूभाईहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

७. रोजगारीको सिलसिलामा भारमा रहेका शिवनाथ वासी दाजूभाई दिदीबहिनीहरु विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगको कारणले सीमा नाकामा अलपत्र परेको अबस्थामा पालिकाले आवश्यक पहल गरी उद्धार गरियो साथै लकडाउनको कारण रोजगारी गुमाएका र अति बिपन्न ५७६ घर परिवार लाई कार्यविधि वमोजिम राहत सामग्री वितरण गरिएको छ ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

आर्थिक वर्ष २०७६/०७७ घोषित नीति तथा कार्यक्रमका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु।

८. नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिम प्राप्त अधिकार लाई गाउँपालिकाको कमकाज लाई नियमन र सहजता ल्याउन ७ वटा कार्यविधि, निर्देशिका तयार भएको जानकारी गराउदछु ।

९. गाउँपालिकाले लोक सेवा आयोगलाई माग गरे बमोजिमको स्थायी कर्मचारीहरुको परिपूर्ति भई कार्यालयको काम काजमा सहजता महसुस गरिएको छ ।

१०. गाउँपालिकाको वजेट बाट ट्रेक्टर थान -१ मोटर साईकल थान ३ खरिद गरी कार्यालयको अन्तरिक आम्दानी बृद्धि तथा कार्यालयको कामकाजमा सहजता भएको महसुस गरीएको छ ।

११. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट हस्तान्तरित जग्गामा १६ कोठे गाउँपालिका भवन ठेक्का पट्टा भई निर्माण कार्य अगाडी बढी रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

१२. गाउँपालिकाको विशेष पहलमा केन्द्रको समपूरक कोष र विशेष अनुदानमा २ वटा सडक, २ वटा खानेपानी योजना र महिला तर्फको कार्यक्रम चालू आ.व. मा समपन्नहुने चरणमा पुगेको छ ।

१३. गाउँपालिकाको विशेष पहलमा वडा नं. १ र ३ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी संघीय सरकारको वजेट बाट निर्माणाधिन प्रक्रियामा रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

१४. गाउँपालिकाको विशेष पहलमा प्रदेश विशेष अनुदानमा जुकेपानी बगजेबला लिप्ट खानेपानी तथा सिचाई, र पुडिल बछ्ला खानेपानी योजना निर्माणाधिन क्रममा रहेको छ । दलित समुदायको लागि जीविकोपार्जन सहयोग कार्यक्रम सम्पन्न हुने चरणमा रहेको छ ।

१५. गाउँपालिकाको विशेष पहलमा प्रदेश समपूरक कोष अन्तर्गत द्धारिका देवि ठकुरानी सडक निर्माण शिवनाथ गाउँपालिका वडा नं. १,३ र ४ को वडा कार्यालय भवन को ठेक्का पट्टा भई निर्माणाधिन क्रममा रहेको व्यहोरा जानकारी गर्दछु ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

१६. आ.व. २०७६/०७७ को प्रधानमन्त्री रोजगार कार्यक्रम का लागि **EMIS** मा ६०८ घरधूरीका १०१० जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन ।

१७. आ.व. २०७६/०७७ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारिक समुदायिक योजना ६ वटै वडामा २ / २ वटा योजना गरी १२ वटा योजना सञ्चालन भई रहेका छन ।

१८. विद्यार्थी भर्ना दर बढाउन र विद्यार्थी लाई निरन्तर विद्यालयमा उपस्थित गराउन सञ्चालन गरिएको दिवा खाजा कार्यक्रम निरन्तर रुपमा चलिरहेको छ ।

१९. शिवनाथ, खोलाकेदार, उदयदेव मन्दिर तथा अमरगढी किल्ला लाई संरक्षण सम्बर्धन तथा पर्यटन प्रबर्धनका लागि आधार निर्माण गर्दै आईरहेका छौ।

२०. न्यायिक समिति मार्फत गाउँपालिका भित्र २८ वटा मुद्दाहरु मेलमिलाप गराई किनारा लागाईएको छ।

२१. घटना दर्ता कार्यलाई Online मार्फत दर्ता गराउने कार्यकासाथै सम्पूर्ण वडाहरुका प्रशासनिक कामहरु लाई डिजिटल विद्युतीय माध्यमबाट गर्ने कुराको शुरुवात गरिएको छ ।

२२. शिवनाथ गाउँपालिका / ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना मार्फत गाउँपालिका भरि एक घर एक धारा अन्तर्गत खडिक कोलेउडा, जमनगडा व्याल्थम र कालिधारा खानेपानी योजना अन्तर्गत २०५ वटा धारा निर्माण, चार वटा सार्वजनिक खानेपानी योजनाका धारा निर्माण र दुई वटा सस्थागत शौचालय निर्माण सम्पन्न भएका छन भने दुई वटा खानेपानी योजना र एउटा बहुउपयोगि योजना सञ्चालनमा रहेका छन ।

२३. शिवनाथ गाउँपालिका / ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना मार्फत जीविकोपार्जन कार्यक्रम अन्तर्गत पोलिहाउस निर्माण, घरबारी व्यवस्थापन तथा स्वास्थ्य सरसफाई कार्यक्रम हरु सम्पन्न गरिएका छन ।

२४. सुनौलो हजार दिने आमा र बच्चाहरुको स्वास्थ्य पोषणमा सुधार गर्न र पूर्ण सस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्ने आधार स्तम्भ तयार गर्न गर्भवती लाई उपाध्यक्षको कोसेली कार्यक्रम र घर-घर मा झण्डा हात-हात मा अण्डा कार्यक्रम सु-सम्पन्न गरिएको छ ।

२५. गर्भावस्थामा आमा र बच्चाको स्वास्थ्य अवस्थाको जानकारी पाउन पालिकाका ११ वटा स्वास्थ्य संस्थाबाट घुम्ती सेवा दिईएको र शर्माली स्वास्थ्य चौकीमा उक्त ग्रामीण अल्ट्रसाउण्ड सेवा नियमित सञ्चालनमा ल्याईएको छ ।

२६. शिवनाथ गाउँपालिकाका ६ वटै वडाका बालबालिकाहरुको लागि नियमित रुपमा खोप सेवा प्रदान गर्न पालिका स्तरीय कोल्डचेनको स्थापना गरी नियमित खोपको भण्डारण गर्ने व्यवस्था सुनिश्चित गरिएको छ ।

२७. गाउँपालिका भित्ररहेका सम्पूर्ण स्वास्थ्य सस्थाहरुमा अत्यावश्यक औषधी लागायत सामग्रीको आपूर्ती गरी सेवा प्रवाहमा सहजता ल्याईएको छ ।

२८. गाउँपालिकाको पहलमा शिवनाथ गाउँपालिका अन्तर्गत शर्माली स्वास्थ्य चौकीमा माईक्रोस्पकोप खरिद गरी सेवा सुचारु गरिएको छ ।

२९. गाउँपालिका भरि रहेका विभिन्न विद्यालयमा रहेका निजि शिक्षक / बालविकास सहजकर्ताहरु द्वारा शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि गाउँपालिकाले सम्बन्धित विद्यालय लाई कार्यविधि अनुसार एकमुस्ट अनुदान दिईएको छ ।

३०. विद्यालय सुधार योजना निर्माण एंव भैतिक पूर्वाधार निर्माण अन्तरर्गत ६ वटा विद्यालय भवन निर्माण एंव ICT LAB पुस्तकालय तथा विज्ञान प्रयोगशाला वितरण गरी शैक्षिक गुणस्तर सुधारमा टेवा पुर्याउने कार्यलाई निरन्तरता दिईएको छ ।

३१. कक्षा ८ को परीक्षा गाउँपालिका स्तरीय गरी शैक्षिक अवस्थाको मापनगर्ने कार्य सम्पन्न गरिएको छ।

३२. कृषि कार्यलाई प्रवद्धन गर्न गाउँपालिका र बिभिन्न संघ सस्थाहरुको सहयोगमा नर्सरी नाईकेहरुलाई तालिम प्रदान गरी नर्सरीमा बिभिन्न प्रजातिका बोटविरुवा हरु उत्पादन गरी गाउँपालिका भरी वितरण भईरहेको कुरा जानकारी गराउन चाहान्छु ।

३३. बिउ बिजनमा गाउँपालिका लाई आत्मनिर्भर र व्यवसाय बढाउने कृषकहरु लाई कृषि शाखाको पहलमा गत विगतमा १ क्विन्टल भन्दा बढी अदुवा बेसार लगाउने कृषकहरुले स्थानीय स्तरमै उत्पादन गरिएको बिउबिजन खरिद गरी थप किसानहरुलाई मापदण्ड बमोजिम बिउबिजन वितरण गरिएको छ ।

३४. गाउँपालिकाको पहलमा कृषि पकेट क्षेत्र छनौट गरी बिभिन्न किसिमका बेमौसमी तरकारी र च्याउखेती स्थानीय बजारमा बेचबिखन गरी किसानहरुको आयआर्जनमा टेवा पुगेको छ ।

३५. गाउँपालिकाको पहलमा कृषि शाखा द्वारा बर्खे फलफूल अन्तर्गत आँप, केरा, लिचि, सुनकागति, मौसमी, अम्बा, सुन्तला कागति र अनार जातका विरुवा वितरण गरी किसानहरु लाई आत्मनिर्भर तथा आयआर्जनमा वृद्धि गर्ने कार्यक्रम सम्पन्न गर्ने चरणमा छौ ।

३६. गाउँपालिकाको पहलमा १५ वटा घरपरिवारमा भकारो सुधार र ३ वटा साना सिचाई निर्माण चरणमा रही कृषि उत्पादन लाई जोड दिने कार्यलाई निरन्तरता दिईएको छ ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

३७. गाउँपालिकाको पहलमा महिला तथा दलितको जीविकोपार्जन कार्यक्रम अन्तर्गत बिपन्न घरपरिवार, एकल महिला, असाहय महिला तथा दलित घर परिवार लाई २० बाटको सौर्य ऊर्जा, सिलाई कटाई मेसिन, बाख्रा र फलफूलका विरुवा वितरण कार्य अन्तिम चरणमा रहेको जानकारी गारउन चाहन्छु ।

३८. गाउँपालिकाको विशेष पहलमा यस गाउँपालिका भित्र रहेको ७ वटा माध्यमिक विद्यालय र गाउँपालिका केन्द्रमा छात्रछात्रा र महिलाहरुको स्वास्थ्य सरसफाई र छात्राहरुको विद्यालयमा शतप्रतिशत उपस्थिति का साथै मर्यादित महिनाबारी लाई व्यवस्थित गर्ने उद्देश्यले सेनेटरी प्याड वितरण साथै स्वचालित ८ वटा भ्यानडिङ मेसिन वितरण कार्य अन्तिम चरणमा रहेको छ ।

३९. गाउँपालिकाको पहलमा शिवनाथ गाउँपालिका अन्तर्गत शर्माली स्वास्थ्य चौकीमा माईक्रोस्पकोप खरिद गरी सेवा सुचारु गरिएको छ ।

४०. गाउँपालिकाको पहलमा स्थानीय पुर्वाधार तथा साझेदार कार्यक्रम ( संघीय सांसद माननीय दामोदर भण्डारी ज्यू) अन्तर्गत सुल्लेखान शिवनाथ मन्दिर जाने गेट देखि शिवनाथ मन्दिर सम्म पि.सि.सि. बाटो सहित सिडी निर्माण कार्य समपन्न हुने चरणमा छ ।

४१. गाउँपालिकाको सहयोगमा ग्रामीण सामुदायिक पूर्वाधार कार्यक्रम **(RCIW)** अन्तर्गत कृषि उत्पादन लाई जोड दिन ४ वटा सिचाई पोखरी निर्माण समपन्न चरणमा रहेको छ ।

४२. विपद व्यवस्थापन कोष र विपन्न नागरिक सहायता कोषबाट पिडित परिवार/व्याक्तिहरूलाई राहत उपलव्ध गराईएको छ।

४३. यस आ.व.का विकास निर्माणका योजनाहरू लकडाउनका बाबजुद अधिकांस योजनाहरू निर्माण सम्पन्नको अवस्थामा रहेका छन् भने केही जसो योजनाहरु आगामी आ.व.मा क्रमागतको रूपमा लगिनेछन।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

अव म शिवनाथ गाउँपालिकाको **आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम** यस गरिमामय सभा समक्ष प्रस्तुत गर्द छु ।

मुलनाराः

**“ कोरनाको अन्त्य हाम्रो चाहना ,**

**स्वस्थ सुदृढ शिवनाथ हाम्रो कामना । ”**

४४. **मुलभूत**

४४.१- नेपालको संविधान २०७२ बमोजिम विद्यमान संधीय ऐन तथा कानून, प्रदेश ऐन कानून सँग नबाझिने गरी स्थानीय तहलाई आवश्यक पर्ने संविधानको अनुसूची ८ बमोजिम स्थानीय कानुन निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

४५. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण शिवनाथवासी दाजूभाई दिदी बहिनीहरु हाल गाउँपालिका भित्रिएको बर्तमान सन्दर्भमा निजहरुलाई मापदण्ड वमोजिम खानपान र बासस्थानको सुनिश्चितता का साथौ निजहरुको स्वास्थ्य चेकजाचँमा PCR र RDT परीक्षण गर्ने व्यवस्था मिलाईने छ PCR पोजेटिभ भई कोरोनाको लक्षण देखिई बिरामि भएमा गाउँपालिकाले तयार गरेको Isoletion मा राखि थप उपचारको व्यवस्था गरिने छ ।

४६. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण स्वदेश भित्रिएका युवाहरुलाई पालिका भित्र रोजगारीका अवसर सृजना गरी रोजगारीमा संलग्न गराईने छ ।

**क्षेत्रगत नीति तथा कार्यक्रम**

**पूर्वाधार विकास**

४७.वडा कार्यालय नभएका वडाहरूमा कार्यालय भवन निर्माण गर्न संघ र प्रदेश सरकारको समपूरक तथा विशेष अनुदानबाट बजेट व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

४८.भौतिक अभाव भएका विद्यालयहरूमा क्रमश भौतिक संरचना निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

४९. गाउँपालिका केन्द्र सम्म पुग्ने मुख्य सडकलाई संघ, प्रदेश संग समन्वय गरी कालोपत्रे गर्न आवश्यक पहल गरिनेछ।

५०. स्थानीय सडकहरूलाई वर्षभरी यातायात सुचारू गर्ने व्यवस्था मिलाईनेछ ।

५१. लघु जलविधुतको संभाव्यता अध्ययन भैसकेकोले सो निर्माण कार्यका लागि आवश्यक पहल गरिनेछ ।

५२. नेपाल विधुत प्राविधिकरणबाट राष्ट्रिय प्रशारण लाई विधुत जडान, सव स्टेशन निर्माण गरी विद्युत जनताको घरमा पुर्‍याउन संघ तथा प्रदेश सरकार संग आवश्यक पहल गरिने छ।

५३. आधारभुत स्वस्थ्य केन्द्र नभएका बडा नं. ५ मा गाउँपालिकाको पहलमा स्थापना गर्न आवश्यक पहल गरिने छ । साथै सवै स्वास्थ्य संस्थावाट गुणस्तरीय स्वास्थ्य सेवा दिने अन्य पूर्वाधारको व्यवस्था मिलाउने नीति अवलम्वन गरिनेछ।

५४. गाउँघर क्लिनिक तथा खोप क्लिनिक नभएका ठाउँमा आगामी आ.व. मा निर्माण गरिने नीति अपनाइने छ। साथै प्रसुति सेवा केन्द्रलाई थप व्यवस्थित बनाईनेछ।

५५. ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना संस्थाहरूसंग सहकार्य गरी खानेपानी, बहुउपयोगी योजना, वातावरणसंरक्षण, जीविकोपार्जन, स्वास्थ्य सरसफाई लगायतका कार्यक्रमहरू संचालन गरिनेछ।

५६. गाउँपालिका र RCIW को संयुक्त लगानीमा कृषि उत्पादनमा जोड दिनका लागि सिचाई योजना निर्माण गरिनेछ।

५७. प्रत्येक वडामा व्यवस्थित सडक संजाल निर्माण गर्न सडकहरूको डि.पी.आर. तयार गर्ने रणनिति लिइनेछ।

५८. गाउँपालिकाको निर्माणाधिन खेल मैदानको DPR तयार भैसकेकोले गाउँपालिका, प्रदेश र संघको संयुक्त पहलमा स्तरोन्नती गरिने कार्य अगाडी बढाइनेछ ।

५९. एक वडा एक खेल मैदानको अवधारणा ल्याइनेछ।

६०. भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी प्रविधि अनुसार निर्माण गर्ने कार्यालई प्राथमिकता दिइनेछ।

६१. नयाँ घर निर्माण गर्दा गाउँपालिकाबाट नक्सा पास गराई निर्माण कार्य अगाडि बढाउने नीति लिइनेछ।

६२. गा.पा. स्तरीय यातायात गुरू योजना तयार गरिनेछ।

६३. सडक निर्माण गर्दा वातावरण मैत्री बनाउने नीति अवलम्वन गरिनेछ। सडक निर्माणको क्रममा विनास भएका बोटबिरूवाको जिम्मा सम्बन्धित बजेटबाट व्यवस्थापन गरिनेछ।

६४. सरकारी भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री तथा बालमैत्री संरचना निर्माण गरिनेछ।

६५. दिगो विकास अवधारणालाई प्राथमिकतामा राखी सडकको दायाँ वायाँ ढुंङ्गा गिट्टी संकलन गर्ने कार्यलाई निरूत्साहित गरिनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

**आर्थिक विकास**

६६. विभिन्न पेशालाई व्यवसायिकरण गर्न व्यवसायीलाई अनुदान तथा प्रोत्साहन दिइने व्यवस्था मिलाईनेछ।

६७. गाउँपालिका भित्रका राजश्वका स्रोतहरू खोजी तथा पहिचान गरी राजश्व वृद्धि गरिने नीति अवलम्वन गरिनेछ।

६८. करदाता मैत्री वातावरण सृजना गर्न करदाता शिक्षा कार्यक्रम अगाडी ल्याइनेछ।

६९. श्रमको सम्मान गर्दै व्यक्तिको आय आर्जनमा वृद्धि गर्न विकास योजनामा श्रमिक मैत्री वातावरण सिर्जना गरिनेछ।

७०. सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी व्यक्तीहरूको आय आर्जनमा अभिवृद्धि ल्याइनेछ।

७१. प्राकृतिक स्रोत साधनको समुचित प्रयोग गरी आन्तरिक राजश्वमा वृद्धि गरिनेछ।

७२. उद्यम सीप विकासका लागि विभिन्न सरकारी , गैरसरकारी, संघसंस्थाहरूसित सहकार्यमा व्यक्तिको क्षमता विकास गरी व्यवसायीकरणमा जोड दिइनेछ।

**कृषि तर्फ**

७३. स्थानीय स्तरमा रहेका कृषिजन्य बस्तुहरुलाई संरक्षण र व्यवस्थित पार्न घुम्ती सिविर सञ्चालन गरिने छ ।

७४. कृषिजन्य बस्तुहरुको उत्पादनमा जोड दिदै किसानहरुलाई कृषि बिउ बिजन निशुल्क उपलब्ध गराईने छ ।

७५. कृषि उत्पादन व्यवसायिक किसानहरुलाई कृषि सम्बन्धी वीमा अभिमुखीकरण गोष्ठी कार्यक्रम सञ्चालन गरिनेछ।

७६. अदुवा र वेसार कार्यक्रमका साथै कृषि पकेट विस्तार कार्यक्रमलाई जोड दिइनेछ।

७७. देशको अवस्थालाई मध्यनजर गर्दै फलफूल पकेट विस्तार कार्यक्रमलाई विशेष जोड दिईनेछ।

७८. एक वडा एक उत्पादन कार्यक्रममा जोड दिइनेछ।

७९. तरकारी खेती गर्नकालागि पोलिहाउस उत्पादनमा जोड दिइ पोलिहाउस वितरण गरिनेछ।

८०. रोग र किराहरूलाई नियन्त्रण गर्नका लागि वालि संरक्षणको आकस्मिक सेवामा जोड दिइनेछ।
८१. परमपरागत कृषि प्राविधिकलाई व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरण जोड दिइनेछ।

८२. मौरीपालक किसानहरूलाई मौरीपालनमा जोड दिइनेछ।

८३. कृषकहरूको उत्पादन जन्य बस्तुहरूलाई बजारीकरणमा जोड दिइनेछ।

८४. कृषक र व्यापारीबीच अन्तरक्रिया कार्यक्रम गरीनेछ।

८५. केरा खेती गर्ने व्यवसाय किसानहरूलाई केराको विरूवा उपलव्ध गराईनेछ।

८६. वेमौसमी तरकारी सम्बन्धी व्यवसायिक कृषकहरूलाई तालिम दिईनेछ।

८७. उत्कृष्ट किसानहरूलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

८८. तरकारी संकलन केन्द्र स्थापना गरी व्यवस्थित बनाईनेछ।

८९. एक घर २० फलफूलको विरूवा रोप्ने किसानहरूलाई विशेष प्राथमिकता दिइनेछ।

**पशुसेवा तर्फ**

९०. स्थानीय स्तरमा रहेका पशुपन्छीहरूलाई संरक्षण गरिने छ ।

९१. घुम्ती सिविरको आयोजना गरी पशुजन्य उत्पादनमा जोड दिईनेछ ।

९२. पशुजन्य उत्पादनमा जोड दिदै किसानलाई पशु स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराईनेछ।

९३. पशुपन्छी पालन गर्ने व्यवसायिक किसानलाई पशुपन्छी सम्बन्धी बीमा अभिमुखीकरण गोष्ठी कार्यक्रम सञ्चालन गरीनेछ।

९४. नश्ल सुधार तथा आहार व्यवस्थापन कार्यक्रममा जोड दिइनेछ।
९५. पशु सेवा विज्ञ केन्द्र संग समन्वय र सहकार्य गरिनेछ।

९६. फार्म तथा व्यवसायीहरू मध्येबाट उत्कृष्ट कृषक तथा समुहलाई पुरस्कृत गरिनेछ।

९७. माछापालन व्यवसायमा विशेष जोड दिइनेछ।

९८. पशु तथा पन्छी उपचार सेवालाई जोड दिइनेछ।

९९. मासु, अण्डा र दुधमा आत्मनिर्भर बनाउनका लागि बिशेष जोड दिईने छ ।

१००. विभिन्न प्रकारका पशुपन्छी रोग सम्बन्धी गोष्ठी आयोजना गरीनेछ।

१०१. उत्पादनमा बृद्धि र बजारीकरणमा जोड दिईनेछ।

१०२. पशुपन्छी व्यवसाय सम्बन्धी विशेष तालिमको व्यवस्था गरिनेछ।

१०३. बाख्रा पालक किसानलाई विशेष बाख्रा प्याकेज कार्यक्रमको आयोजना गरिनेछ।

१०४. भैसी प्याकेज तथा गाई प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ।

१०५. मासु तथा दुध पसलहरूको उचित व्यवस्थापनमा सहजीकरण गरिनेछ।

१०६. विभिन्न प्रकारका पशु रोगहरूको निराकरणका लागि जिल्लाबाट पशु चिकित्सकको उपस्थितिमा चेकजाचको व्यवस्था मिलाईनेछ।

१०७. परम्परागत पशुपालन प्रविधिलाई व्यवसयिकीकरणमा जोड दिइनेछ।

१०८. पशुपन्छिका लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ।

१०९. वंगुर विकास कार्यक्रमलाई बिशेष जोड दिइनेछ।

११०. स्थानीय उत्पादनमा जोड दिन कुखुरा, बाख्रा, बंगुर, गाई, भैसी, मौरी तथा माछा पालन व्यवसायलाई विशेष प्रोत्साहन गरिनेछ ।

१११. संघ र प्रदेश सरकारको समन्वयमा( भटमास, मकै ) तरकारी कृषि पकेट क्षेत्रको विकासमा जोड दिइनेछ।

११२. गाउँपालिका भित्र रहेको विभिन्न व्यवसायलाई गाउँपालिकामा अनिवार्य दर्ता गर्ने व्यवस्था मिलाईनेछ।

११३. सामुदायिक वनवाट उत्पादन हुने खोटोमा उठेको रोयल्टी गा.पा. लाई उपलव्ध गराउन सम्बन्धित निकायसंग आवश्यक पहल गरिनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

**सामाजिक विकास तर्फः**

**शिक्षा युवा तथा खेलकुद शाखा**

११४. प्रारम्भिक वालविकास सहित आधारभुत तह सम्मको शिक्षा अनिवार्य र निशूल्क माध्यमिक तह सम्मको शिक्षा निशूल्क हुने सुनिश्चित हुनेछ।

११५. परिभाषित गुणस्तरको न्यूनतम मापदण्ड अनुसार शैक्षिक पूर्वाधार सहित सिकाई वातावरण सृजना गरिनेछ। वुक कर्नर , पुस्तकालय, विज्ञान प्रयोगशाला, आईसिटि ल्याव लगाएत वालमैत्री सिकाईका लागि न्यूनतम शर्त पुरा गरिनेछन।

११६. अनौपचारिक शिक्षा र सामुदायिक अध्ययन केन्द्रलाई सुव्यवस्थित गरिनेछ।

११७. उच्च शिक्षामा सहज पहुँच र सहभागिता सुनिश्चित गरिनेछ । निश्चित मापदण्डका आधारमा छात्रवृतिको व्यवस्था गरिनेछ।

११८. शिक्षण सिकाई प्रभावकारी हुनेगरी प्रधानाध्यापकको सवल नेतृत्व स्थापित गरिनेछ। प्रधानाध्यापक, शिक्षक कर्मचारीको जवाफदेहीता स्पष्ट हुनेगरी कार्य सम्पादन करारको व्यवस्था गरिनेछ ।

११९. नक्सांकन, विद्यार्थी शिक्षक अनुपातको आधारमा विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरिनेछ।

१२०. मेघा विद्यालयको स्थापना सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ।

१२१. अनुगमन तथा नियमन, विज्ञ संलग्न समुहबाट विषयगत सुपरिवेक्षण र पृष्ठपोषणलाई प्रभावकारी एवं परिणाममुखी बनाईनेछ।
१२२. स्थानीय पाठ्यक्रम, स्थानीय दरबन्दी,गुणस्तर विकास , संस्थागत क्षमता अभिवृद्धी, शिक्षक कर्मचारी तालिम, सुपरिवेक्षण लगायतका विषयमा गाउँपालिकाले उचित व्यवस्था गर्ने छ ।

१२३. आधारभुत तहमा निरन्तर मूल्याङ्कन पद्धति र ८ कक्षाको अन्तिममा स्तरीकृत परीक्षाको व्यवस्था गरिनेछ।

१२४. प्रत्येक विद्यालयमा शुद्ध पिउने पानी, उपयुक्त शौचालय, हरियाली, बगैचा, खेलकुद सहित स्वस्थ वातावरण निर्माण गर्ने व्यवस्था मिलाईनेछ।

१२५. शिक्षण सिकाईमा सहजीकरण र पुनर्ताजकीकरण प्रक्रियालाई निरन्तरता दिईनुका साथै, यसका लागि कार्यविधि निर्माण गरिनेछ।

१२६. विद्यालय हातामा जंकफुड लगायतका मानव स्वास्थ्यमा हानी गर्ने वस्तुको प्रयोगमा रोक लगाउने नीति ल्याईने छ।

१२७. पुस्तकालय, वाचनालय तथा सामुदायिक सिकाई  केन्द्रहरूको निरन्तर स्तरोन्नती गरिनेछ।

१२८. शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग तथा व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी प्रयोग गरिनेछ।

१२९. शिक्षाको गुणस्तर मापन र मुल्याङ्कन गर्नको लागि शिक्षा ऐन वमोजिम मुल्याङ्कन गरिनेछ र उत्कृष्टलाई प्रोत्साहन गरिनेछ।

१३०. स्थानीय पाठ्यक्रम , वातावरण शिक्षा, सामाजिक शिक्षा, सास्कृतिक, नैतिक शिक्षा जस्ता विषय सिक्ने सिकाउने भाषाको माध्यम मातृभाषा र नेपाली भाषा हुने कुराको सुनिश्चित गरिनेछ ।

**स्वास्थ्य तर्फ**

१३१. **सामान्य उपचार सेवाः**

- गाउँपालिकामा ५-१५ शैयाको अस्पताल स्थापना गर्न संघ सरकारसँग सम्न्वय गरिनेछ।
- गा.पा. भित्रका प्रत्येक स्वास्थ्य संस्थाहरूमा सेवा  लिन आउने सेवा ग्राहीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न १२ महिना सम्म पुग्ने गरी औषधिको सुनिश्चितता गरीनेछ।
- जेष्ठ नागरिक, अशक्त र भिन्न क्षमता भएका व्यक्तिहरूलाई गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूती गराउन जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालनमा ल्याई यस लाई निरन्तरता दिइनेछ।
- सेवाको पहुचबाट टाढा रहेका बस्ती र समुदायलाई स्वास्थ्य सेवामा समाहित गराउन अध्यक्षको गाउँघर स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता तथा बढावा दिइनेछ।

१३२. **सुरक्षित मातृत्व कार्यक्रमः**

- सस्थागत सुत्केरी, पुर्व प्रसुती जाँच सेचा, उत्तरप्रसुती जाच सेचालाई बढावा दिन उपाध्क्षको कोसेलो कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गर्भावस्था मा हुने जोखिम र खतरालाई मध्यनजर गरी समयमै यसको व्यवस्थापन गर्न गर्भवती घर पहिचान (झण्डा गाडिने) कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- आकस्मिक अवस्थामा जटिल अवस्थाको प्रसुती व्यवस्थापन गर्न छुट्टै कोषको व्यवस्थापन गरिनेछ।
- प्रसुतिकर्मीहरूको दक्षतालाई पूर्ण रुपमा प्रयोग गरी उपकरण अभावका कारण सेवाग्राहीमा हुन सक्ने जोखिम न्युनीकरण गर्न मातृ सुरक्षा कार्यक्रम प्रसुती सेवा र  गर्भवती सेवामा स्वा.स. र वर्थिङसेन्टर

स्तरमा आवश्यक सर्ने उपकरण हरूको व्यवस्थापन गरी सेवाग्राहीलाई सुरक्षित सेवा प्रदान गरेको प्रत्याभूति गराईनेछ।

- सुरक्षित मातृत्व सेवा र प्रसुती लाई प्रभावकारी गुणस्तरीय बनाउन प्रतेक वडामा एक जना पर्ने गरी दक्ष प्रसुतीकर्मी (SBA) तालिमको व्यवस्था गरीनेछ।

१३३. **पोषण सेवाः**

- सिघ्र कुपोषण , मध्यम कुपोषणमा परेका बालबालिकाहरूको पहिचान गरी गा.पा. भित्र कार्यरत सरकारी गैरसरकारी संघ सस्था हरू मार्फत गा.पा. स्थित स्वास्थ्य तथा सरसफाई शाखा संग समन्वय मार्फत एकीकृत रूपमा पोषण कार्यक्रम लागु गरिनेछ।
- खोप ढुवानी, भण्डारण मा देखिएका समस्याहरू औंल्याई ढुवानी तथा भण्डारणको लागी उचित प्रवन्ध मिलाईनेछ।
- विभिन्न कारणले गर्दा खोप सेवाबाट बञ्चित हुन सक्ने अवस्था लाई हटाउन प्रभावकारी संचारको व्यवस्थापन गरीनेछ।

१३४. **परिवार नियोजनः**

- रूढीवादी परम्परा अन्धविश्वासका कारण परीवार नियोजनका साधनको प्रयोग नगरी प्रत्येक वर्ष बच्चा जन्माइ महिलाहरूको शारीरिक र मानसिक अवस्थामा भइरहेको खेलवाडलाई निरूत्साहित गर्न परिवार नियोजन कार्यक्रम स्थायी तथा अस्थायी क्याम्पियनहरू त्रैमासिक, मासिक रुपमा सञ्चालन गरिनेछन।

- भौगोलिक अवस्था तथा कठिनाई लाई मध्यनजर गर्दै सर्वसुलभ रूपमा परिवार नियोजन सेवा प्रदान गर्न गा.पा. भित्रका अधिकतम स्वा. स. मा मानव संसाधनको उचित प्रवन्ध गर्न तालिमहरूको व्यवस्था गरीनेछ।

- सानो सुखी र गुणस्तर परिवारको लागि दुई मात्र बच्चा पाई स्थायी बन्ध्याकरण गर्ने कार्यलाई विशेष प्रोत्साहन दिइनेछ।

१३५. **प्रयोगशालाः**

- सबैका लागि सर्वसुलभ हुने गरी जाचँ प्रयोगशाला स्थापना गरिने छ ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

१३६. **रोजगार सेवा केन्द्र तर्फ**

- नेपालको संविधान २०७२ को भाग ३ धारा ३३ ले रोजगारीको हक सम्बन्धी व्यवस्था गरिएको छ जस अनुसार प्रत्येक नागरिक लाई रोजगारीको हक हुने छ त्यसको कार्यान्वयन गर्न यस शिवनाथ गाउँपालिकामा पनि रोजगार सेवा केन्द्र शिवनाथको स्थापना भएको छ।

- शिवनाथ गाउँपालिकाले, रोजगार सेवा केन्द्र शिवनाथ लाई थप सुदृढिकरण गरी कोभिड-१९ ले सृजना गरेको यस विषम परिस्थितिका कारण रोजगारी गुमाएर विभिन्न मुलुक बाट शिवनाथ फर्किएका व्यक्तिहरु लाई शिवनाथ गाउँपालिका भित्र संचालन हुने विकास निर्माणका कार्य हरुमा संलग्न गरिने छ । पालिकास्तरीय विकास निर्माणका कार्यमा लाग्ने श्रमिक रोजगार सेवा केन्द्रमा सूचीकृत भएका वेरोजगार व्यक्तिहरु बाट माग गरिने व्यवस्था गरिने छ ।

- कामका लागि पारिश्रमिक आयोजनाहरु मा प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदान को ७० प्रतिशत श्रमिकको ज्यालामा खर्च गर्नु पर्ने भएकाले निर्माण सामग्री खरीद गर्न २५ प्रतिशत रकम मात्र हुने हुदा शिवनाथ गाउँपालिकाले निर्माण सामग्री खरिद गर्न केहि रकम विनियोजित गरे योजना थप प्रभावकारी हुने भएकाले रोजगार सेवा केन्द्रको लागि वजेटको व्यवस्था मिलाईनेछ।

१३७. **सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाई तर्फ**

- सामाजिक सुरक्षा भत्ता लाई थप प्रभावकारी सेवा मार्फत वितरणको व्यवस्था मिलाईनेछ।
  महिला हिंसा न्युनिकरण र लैङ्गीक विभेदको अन्त्य गरिनेछ।

- दलित तथा जनजाती समुदायको चौतर्फि विकासको लागि तिनीहरूको परम्परागत पेशा, सीप, कला, दक्षतालाई सुदृढिकरण गर्दै आधुनिकीकरण गर्ने नीति लिइनेछ। मुक्त हलिया, भूमिहीन, विपन्न वर्ग, किसानलाई नेपाल सरकारले गरेको प्रमाणीकरण र वर्गिकरणको आधारमा व्यवस्थित गरी रोजगार तथा अन्य आयआर्जनका कार्यक्रममा आवद्ध गरिनेछ।

- छुवाछुत, महिनावारी, लैंगिक हिंसा जस्ता कुरीति र कानूनले बर्जित गरेका कुप्रथाको अन्त्य गर्न सरोकारबालाहरूलाई प्रोत्साहित गरी वडा स्तरका जनप्रतिनिधि सहित गाउँ बस्तीमा सामाजिक रूपान्तरण अभियान चलाईनेछ। साथै कानून कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ

- सम्पुर्ण नागरिकहरूको घटना विवरणहरू विद्युतीय प्रणालीमा अध्यावधिक गरिनेछ। जन्म, मृत्यू, बसाईसराई लगायतका सम्पूर्ण विवरणहरूको जानकारी गाउँपालिकामा अनिवार्य अध्यावधिक गराउन सचेतना पुर्ण कार्यक्रम सञ्चालन गरिनेछ।

**१३८. बहुक्षेत्रीय पोषण तर्फः**

- गर्भवती महिलाहरूलाई पोषण कोशेली स्वरूप पोषण खाद्य सामग्री वबितरण गरिनेछ।
- प्रत्येक वडामा कम्तीमा एक"पोषण नमुना टोल" यसै आ.व.मा घोषणा गर्न सवै विषयगत शाखाहरूबाट बहुक्षेत्रीय पोषण योजनाको अवधारणा अनुसार एकिकृत कार्यक्रम बनाई कार्यन्वयन गरिनेछ।
- प्रथमिक बिद्यालय जाने गरिब तथा अति विपन्न टुहुरा परिवारका विद्यार्थीहरूका लागी पोषण भत्ता उपलब्ध गराईनेछ।
- संघीय तथा प्रदेशले गरेका पोषणका मापदण्डहरू पूरागरेका २ बटा वडालाई पोषणयुक्त वडा घोषणा गरी पुरस्कृत गरीनेछ।
- ५ वर्ष मुनीका न्यून कुपोषित बालबालिकाहरूको तौल तथा वद्धि अनुगमन गरी कुपोषणको अवस्था अनुसार परामर्श, पोषण कोशेली तथा उपचारको व्यवस्था गरी कुपोषणको दरलाई शुन्यमा ल्याइनेछ।
- महिला र बालबालिकाको स्वास्थ्य अभिवृद्धि गर्नमा उल्लेखनिय भुमिका निर्वाह गर्दै आउनु भएका महिला स्वयम सेवकहरूका लागी क्षमता विकास तथा प्रोत्साहनका लागी सम्मानका कार्यक्रम संचालन गरिनेछ।
- वहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**१३९. सूचना प्रविधि तर्फः**

- शिवनाथ गाउँपालिकामा एउटा सूचना प्रविधि सेवा केन्द्रको स्थापना गरिनेछ।
- सवै मा.वि. , नि.मा.वि. र स्वास्थ्य चौकीमा सूचना प्रविधिका न्यूनतम सामग्रीहरूको परिपुर्ति गरिनेछ ।
- गाउँपालिकामा एउटा E-Library को व्यवस्था गरिनेछ। जसबाट शिक्षण सामग्री विद्युतीय माध्यमबाट उपलव्ध गराइनेछ।
- आ.व. २०७६/७७ मा गाउँपालिकाको आवधिक योजना तयार गरिने कार्यक्रम भएतापनि covid-19 महामारीका कारण उक्त कार्य रोकिएको हुदा आगामी आ.व.मा उक्त कार्यलाई सम्पन्न गरिने छ।
- सेवा प्रवाहलाई प्रविधियुक्त एवं कर्मचारीहरूको कार्यदक्षताका लागि आवश्यकता अनुरूप तालिमको व्यवस्था मिलाईनेछ।
- नि.मा.वि. तह देखी मा.वि. सम्म सवै विद्यालयमा इन्टरनेटको व्यवस्था गरिनेछ।
- विद्यालयहरुमा कम्प्यूटर शिक्षामा जोड दिइनेछ।
- विषयगत कम्प्यूटर शिक्षक नभएको विद्यालयका शिक्षकहरूलाई कम्प्यूटर तालिमको व्यवस्था मिलाईनेछ।

- शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगमा विशेष जोड दिइनेछ।
- कम्प्यूटर ल्याव नभएको विद्यालयमा कम्प्यूटर ल्याव स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

**१४०. मानव संसाधन तथा कर्मचारी व्यवस्थापनः**

- विदाको दिन र अतिरिक्त समयमा पनि काम काज गर्ने कर्मचारीलाई थप सेवा सुविधाको उचित प्रवन्ध मिलाईनेछ।
- कर्मचारीको हकमा कार्यसम्पादन मुल्याङ्कनको आधारमा सेवा सुविधा थप्नको लागि आवश्यक पहल गरिनेछ।
- जनप्रतिनिधि र कर्मचारीलाई अनिवार्य स्वास्थ्य बीमा कार्यक्रम लागु गरिनेछ। साथै आम जनतालाई स्वास्थ्य बीमा गराउन प्रेरित गराईनेछ।

**१४१. संस्थागत सुधार तथा सुशासन प्रवर्द्धनः**

- कर्मचारी व्यवस्थापन एवं परिचालनमा तदारुकताका साथ कर्मचारीको दरबन्दी पुर्णता पठाईसकेकोले कार्यरत कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम दिईनेछ।
- गाउँपालिका, वडा कार्यालय र गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालयहरूमा इन्टरनेट सेवा, विधुतीय हाजिरी जडान कार्य आगामी वर्षभित्र सम्पन्न गरिनेछ।
- कर्मचारीहरूलाई कार्य सम्पादनमा आधारित पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।
- स्थानीय सेवा प्रवाहमा सर्वसुलभता र सेवाग्राहीको सहज पहुँच ल्याउन विभिन्न घुम्ती सेवा शिविरहरू सञ्चालन गरिनेछ।
- प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्रै सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरिनेछ।
- अनियमितता सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै अपराधिक कार्यमा संलग्न व्यक्तिलाई सम्पतिको निगरानी अनुसन्धान र छानविनको दायरामा ल्याइनेछ।
- कानून, संगठन र जनशक्तिलाई सुशासन र विकासमैत्री बनाईनेछ।
- राष्ट्रसेवकहरूमा काम प्रति तत्पर हुने, सेवाभाव समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्य पद्धतिको विकास गरिनेछ ।
- सरकारी सेवालाई मर्यादित बनाई पेशागत दक्षता हासिल हुने गरी सरकारी सेवालाई नयाँ जीवन दिइने छ।
- कोभिड-१९ (Covid-19) को महामारीका वेला प्रत्यक्ष रूपमा क्वारेन्टिनमा खटिएका स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरूलाई उच्च प्रशंसा सहित थप सेवा सुविधा दिने व्यवस्था मिलाईने छ।
- विकास आयोजना लगायत सम्पुर्ण कार्यक्रमहरूको अनुगमन मुल्याङ्कन गर्न अनुगमन प्रणालीलाई समय सापेक्ष सुधार गरी वैज्ञानिक पद्धति लागु गर्न विभिन्न कार्यविधि एवं कानुन निर्माण गरिनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

**१४२. वन वातावरण तथा विपद व्यवस्थापन**

- वातावरण संरक्षण लाई तिब्रता दिन बृक्षारोपण, सामुदायिक वन संरक्षण जस्ता रणनीति अवलम्बन गरिने छ ।
- सामुदायिक वनहरुलाई संरक्षण गर्न आवश्यक पहल कदम चालिने छ ।
- खनेपानीको उचित व्यवस्था मिलाईनेछ।
- विपदजन्य घटनाहरुको रोकथाम तथा पूर्वतयारीका लागि आवश्यक सामग्रीहरुको आपूर्तीमा जोड दिईने छ ।
- वन वातावरण वा पर्यावरणीय सन्तुलनलाई नविगार्नको लागि दिगो विकास लक्ष्यको अवधारणालाई व्यवहारमा लागू गरिनेछ।
- फोहरमैला व्यवस्थापन गर्न आवश्यक रणनीति तथा क्रियाकलापहरू संचालन गरिनेछ।
- पूर्ण सरसफाईको लागि नमुना टोल, बस्ति छनोट गरिनेछ।
- धुवारहित गाउँपालिका बनाउने उद्देश्य लिइनेछ र नमुना टोल बस्ती र वडालाई विशेष पुरस्कार दिइनेछ।
- बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा विभिन्न पर्यटन स्थल र सार्वजनिक स्थलमा सडक वत्तिको व्यवस्था गरिनेछ।
- प्राकृतिक विपत्तिबाट यस गाउँपालिका क्षेत्र भित्रका आम जनताले व्यहोर्दै आएको समस्यालाई समाधान गर्न विपद व्यवस्थापन कोष स्थापना भइ अगाडी बढेको हुदा उक्त कार्यलाई निरन्तरता दिइनेछ।
- वातावरण संरक्षणलाइ तिब्रता दिन वृक्षारोपण, सामुदायिक वन संरक्षण जस्तारणनिति अवलम्वन गरिनेछ।
- वातावरण सरसफाइको लागि गा.पा. लाई नै पूर्ण सरसफाइका चरणहरू पुरा गरि स्वच्छ गाउँपालिकाको लागि पहल कदम चालिनेछ।
- जलवायु अनुकूलनका विभिन्न कार्यक्रमहरू सुचारू गरिनेछन्।

## १४३. विविधः

- विभिन्न रोजगारमुलक शैक्षिक तालिमहरू सीपमुलक तालिम, लोकसेवा तयारी कक्षा, वेसिक कम्प्यूटर ट्रेनिङ्ग (Basic Computer Training), व्यवसायिक कृषि तालिम, प्लाम्बिङ, सिलाई कटाई बुनाई जस्ता तालिमहरु संचालन गरिनेछन्।
- मोवाइल संञ्चार नपुगेका स्थानहरूमा नेपाल टेलिकमसँग समन्वय गरी निर्माणको प्रक्रिया अघि बढाइनेछ।
- स्थानीय विकास निर्माणका कार्यमा बजेट विनियोजन गर्दा साना टुक्रे योजनाहरूमा विनियोजन गर्ने परिपाटीलाई निरूत्साहित गरिनेछ।
- न्यायिक समितिको काम कारवाहीमा प्रभावकारीता ल्याउन विशेष पहल गरिनेछ।
- जोखिममा परेका आर्थिक अवस्था कमजोर भएका जस्तै क्षयरोग, मुटु रोगी, मृगौला रोगी, सर्पको टोकाई, चितुवा आक्रमण र दुर्घटना परि ज्यान गुमाउने वा दुर्घटनामा पर्नेहरूका लागि राहतकोष खडा गरी स्थापना भएको कोषलाई निरन्तरता दिइनेछ।
- सामाजिक विसंगती तथा विकृतीबाट हुन सक्ने द्धन्द न्युनीकरण तथा समाधान गर्नका लागि वडाहरूमा मेलमिलाप केन्द्र खडा गरिने नीति अवलम्वन गरिएकोछ।
- यस गाउँपालिका भित्र रहेका खेलकुदका प्रतिभालाई संरक्षण गर्न खेलकुद विकास समिति गठन गरिनेछ।
- दलित अपाङग, असहाय, टुहुरा तथा जेहेन्दार बालबालिकाहरूलाई उच्च तथा प्राविधिक शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्ति दिइनेछ।
- विपन्न र अति विपन्न परिचय पत्र प्रदान गरिनेछ। जसको आधारमा स्वास्थ्य बीमामा सहुलियत र स्वास्थ्य उपचारमा विशेष छुटको व्यवस्था गरिनेछ।
- पिछडिएको वर्गलाई मुलप्रवाहीकरणमा ल्याउन बिभिन्न सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- परम्परागत सीपलाई व्यवसायीकरण गर्न विशेष ग्राहयता दिने नीति कार्यान्वयन गरिनेछ।

## १४४. बाणिज्य तर्फः

- बजार अनुगमन कार्यलाई निरन्तरता दिदै उपभोक्तहरूको हकहितहरूलाई सुनिश्चित गरिनेछ।
- शिवनाथ गाउँपालिका भित्रका सम्मुर्ण व्यवसायीहरूलाई गाउँपालिकामा दर्ता गर्न एवं PAN/VAT मा दर्ता गराई करको दायराभित्र अनिवार्य रुपमा ल्यउने व्यवस्था गरिनेछ।
- गाउँपालिकाले निर्माण गरेको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५ लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ।

**सभाध्यक्ष ज्यू**

**सभासदस्य ज्यूहरु**

प्रस्तुत नीति तथा कार्यक्रमको परिधि भित्र रही आगामी आर्थीक वर्ष २०७७/७८ को सीमित स्रोत र साधनको अधिक्तम उपयोग गर्नका लागि तपसिल बमोजिमको अनुमानित आय प्रक्षपण गरिएको व्यहोरा सम्मानित गाउँसभा पेश गर्न चाहन्छु।

| क्र.स | श्रोत | रकम रु |
|---|---|---|
| १ | नेपाल सरकार राजस्व वाडफाड | ६,२६,७६,१४०।- |
| २ | नेपाल सरकार वित्तिय समानिकरण अनुदान | ७,९४,००,०००।- |
| ३ | नेपाल सरकार शसर्त अनुदान | १७,१२,००,०००।- |
| ४ | नेपाल सरकार विशेष अनुदान पूजीगत | २०,००,०००।- |
| ५ | नेपाल सरकार समपूरक अनुदान पूजीगत | १,४१,००,०००।- |
| ६ | प्रदेश सरकार समपूरक अनुदान | १,२६,७३,०००।- |
| ७ | प्रदेश सरकार विशेष अनुदान | ५९,००,०००।- |
| ८ | प्रदेश सरकार वित्तिय समानिकरण | ६९,९०,०००।- |
| ९ | प्रदेश सरकार राजस्व बाडफाड - सवारी साधन कर | ७,३६,०००।- |
| १० | आन्तरिक आम्दानी | २५,००,०००।- |
| जम्मा | | **३५,८१,७५,१४०।-** |

अन्तमा शिवनाथ गाउँपालिकाको अगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम निर्माणको क्रममा सहयोग गर्नहुने गाउँपालिका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, विज्ञ समुदाय, निजी तथा गैर सरकारी क्षेत्रहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यस नीति तथा कार्यकक्रमको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट सकरात्मक सहयोगको अपेक्षा गर्दछु ।

**धन्यबाद ।**